# शीतलहर आपतकालिन कार्य योजना, २०८२

## नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)



## जिल्ला विपद् व्यवस्थापन समिति

नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)

# भाग-एक

## परिचय

प्रमुख जिल्ला अधिकारी


### १.१. पृष्ठभूमि

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लुम्बिनी प्रदेशको सबैभन्दा सानो जिल्लाको रुपमा रहेको छ । जसको क्षेत्रफल ७३८ वर्ग कि.मी. छ । वि.सं. २०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ३,८६,८६८ जना जसमा ५१ प्रतिशत महिला रहेका छन । वहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय समाज यस जिल्लाको विशेषता रहेको छ । यस जिल्लामा ७ (सात) वटा स्थानीय तह (तीन नगरपालिका क्रमशः रामग्राम नगरपालिका, बर्दघाट नगरपालिका, सुनवल नगरपालिका र चार गाउँपालिका क्रमशः सुस्ता गाउँपालिका, प्रतापपुर गाउँपालिका, पाल्हीनन्दन गाउँपालिका र सरावल गाउँपालिका) रहेका छन् । यस जिल्लाको पूर्वतर्फ नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पश्चिम तर्फ रुपन्देही, उत्तर तर्फ पाल्पा जिल्ला एवं दक्षित तर्फ भारतको २ वटा प्रदेश क्रमशः उत्तर प्रदेशको महराजगंज जिल्ला र विहार प्रदेशको पश्चिम चम्पारणसँग क्रमशः २७.५ कि.मी. र १४ कि.मी. सीमा जोडिएको छ । प्राकृतिक र गैर प्राकृतिक दुबै किसिमका विपद्का घटनाहरु यस जिल्लामा घटेको पाइएको छ । प्राकृतिक विपद्मा असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भुकम्प, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद् र गैरप्राकृतिक विपद्मा महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना आदि प्रमुख विपद्हरु रहेका छन् ।

यस जिल्लामा मंसिरदेखि फागुनसम्म शीतलहरको प्रभाव परी अत्याधिक चिसो हुने गरेकोछ । कुनै कुनै वर्ष तापक्रम घट्न जाने र कैयौ दिन बाक्लो कुहिरोको पनि प्रभाव परी बाक्लो धुँवा र धुलोका मसिना कणहरु र अन्य मौसमी प्रतिकुलताले गर्दा शीतलहरको प्रभाव व्यापक हुने गर्दछ । जाडो मौसम शुरु भईसकेको र चिसो तथा शीतलहरबाट विपन्न समुदाय, जेष्ठ नागरिक,सुत्केरी र गर्भवती महिला र बालबालिका बढि प्रभावित हुने गरेकाछन् । शीतलहरबाट सृजित समस्याहरु जस्तै मानवमा श्वासप्रश्वास, झाडापखला आगलागीका घटनाहरु प्रत्येक बर्ष देखा परेकाछन् । शीतलहरबाट कृषि उत्पादन घट्ने र पशु धनको समेत क्षति हुन सक्दछ, जसको कारणले बिपन्न परिवारको नियमित आम्दानिको श्रोतपनि अवरुद्ध हुनसक्दछ । शीतलहरको समयमा अत्याधिक चिसो तथा न्यून तापक्रमको कारणले हाइपोथर्मीया भई केहि मानिसको ज्यान पनि जान सक्दछ । यस बर्ष चिसो मौसममको उच्च जोखिममा हाम्रो जिल्ला रहेको छ । अतः हामी सबै सरोकारवालाहरुको संयुक्त प्रयासबाट चिसो तथा शीतलहरको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक छ ।

यसै सन्दर्भमा शीतलहरको समयमा प्रभावित हुने भौगोलिक क्षेत्र तथा समुदायमा प्रकोपको असर तथा विपद् जोखिमका साथै जनजीवनमा पर्ने प्रतिकुल प्रभाव कम गर्न आवश्यक पूर्वतयारी तथा सम्भावित शीतलहरको जोखिम व्यवस्थापन योजनाबद्ध ढंगले अघि बढाउन अपरिहार्य भएको हुँदा जिल्ला विपद् व्यवस्थापन समिति, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम)ले **शीतलहर आपतकालिन कार्ययोजना-२०८२** तयार पारिएको छ ।

प्रमुख जिल्ला अधिकारी




## १.२. शीतलहर आपतकालिन योजनाको उद्देश्यः

नेपाल बिभिन्न प्रकारका प्रकोप तथा विपद्हरुवाट प्रभावित हुने गरेको छ । यस जिल्लाको संकटासन्नता तथा सीमित क्षमताका कारण केही प्रकोप, विपदले पटक पटक आपतकालीन अवस्था श्रृजना गर्ने गरेकोछ । जाडो मौसममा शीतलहरको प्रकोप तथा अन्य कुनै आपतकालीन अवस्था आउन सक्ने परिस्थितिलाई आत्मसात गर्दै यो शीतलहर आपतकालीन योजना तर्जुमा गरिएको छ । यस कार्ययोजनाका उद्धेश्यहरु निम्नानुसारका रहेका छन् ।

क) जिल्ला स्थित स्रोत र साधनको अधिकतम उपयोग गरि जिल्ला विपद् व्यवस्थापनबाट गरिने शीतलहर प्रतिकार्य योजना प्रभावकारी बनाउनु,

ख) आपतकालीन अवस्था व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह तथा अन्य जिल्लास्थित मानवीय सहायतामा संलग्न निकायहरु, सरोकारवालाहरुले प्रतिकार्यसँग सम्बन्धित प्रमुख क्रियाकलापहरुको पहिचान गर्नु,

ग) शीतलहरको समयमा प्रतिकार्यकोलागि तयार पारिएका संरचनालाई प्रभावकारी बनाउनु,

घ) शीतलहरको समयमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिहरुको क्षमता अभिबृद्धि गर्दै अन्य सबै निकायहरुको परिचालन सुनिश्चित गर्नु ।

ङ) चिसोका कारण हुन सक्ने संक्रमण रोक्न स्वास्थ्य मापदण्डको पालना गर्नु, गराउनु ।

## १.३. शीतलहरको समयमा मानवीय सहायतामा संलग्न साझेदार निकायको सेवा र शर्तहरु

| क.सं. | निकाय, कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>▪ आवश्यकता अनुसार केन्द्रीय तथा प्रदेश स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक) का लागि पहल गर्ने |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने |
| ३ | स्थानीय तह तथा स्थानीय बिपद व्यवस्थापन समिति | नगर/गाँउपालिका प्रमुख | ▪ शीतलहर आकस्मिक कार्य योजना तर्जुमा गरी कार्यन्वय गर्ने<br>▪ शीतलहर जोखिम व्यवस्थापनको लागि बजेट बिनियोजन गर्ने<br>▪ शीतलहरको सुचना प्रणाली र पूर्व चेतावनी प्रणालीको बिकाश गर्ने<br>▪ शीतलहर बाट प्रभावित हुनसक्ने विपन्न समुदायहरुको पहिचान गर्ने<br>▪ शीतलहर प्रभावित परिवारकालागि खाद्यान्न,इन्धन, दाउरा एवं न्यानो कपडाको व्यवस्था गर्ने<br>▪ सचेतना कार्यक्रम संचालन गर्ने |
| ४ | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | ▪ सुरक्षा व्यवस्था गर्ने<br>▪ विषयगत समितिमा सहयोग गर्ने |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ▪ समन्वय<br>▪ स्रोत संकलनमा सहयोग<br>▪ सचेतना अभिबृद्धिकोलागि जनपरिचालन गर्ने |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ खाद्य तथा गैर खाद्य सामाग्रीको व्यवस्थापन<br>▪ सूचना सङ्कलन तथा सवर्क्षणमा स्वयंसेवक परिचालन गर्ने |
| ७ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ▪ बिषयगत समितिमा क्षेत्रगत अगुवाको भूमिका निर्वाह गर्ने<br>▪ सम्बन्धित कार्यालयको आपतकालिन कार्य योजना निर्माण गर्ने |
| ८ | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ न्यानो कपडा र खाद्यसामग्री संकलन तथा व्यवस्थापनमा सघाउने |
| ९ | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरुको व्यवस्थापन गर्ने |
| १० | संचार माध्यम | सञ्चारकर्मीहरु | ▪ सूचना संकलन तथा सम्प्रेषण, सचेतना जागृत गर्ने |
| ११ | नागरिक समाज | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यमा सहयोग<br>▪ सचेतना जागृत गर्ने |
| १२ | पेशागत व्यवसायी जस्तै निर्माण व्यवसायी संघ | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग गर्ने |

| क.सं. | निकाय, कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १३ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ न्यानो कपडा, दाउरा,इन्धन,खाद्यान्न लगायतका राहत सामाग्रीको उपलब्धता<br>▪ स्रोत संकलनमा सहयोग गर्ने<br>▪ गै.स.स. बीच समन्वय गर्ने |

## १.४आपतकालीन प्रतिकार्यसँग सम्बन्धित विषयगत क्षेत्र:

जिल्ला तहमा विशिष्टिकृत सेवा, सहायता र प्रतिकार्यको मर्म अनुरुप क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने अगुवा संस्था (Cluster Lead) को नेतृत्वमा आपसी सहकार्य र समन्वयका साथ मानवीय सहयोगका गतिविधि सञ्चालन गर्न निम्नलिखित बिषयगत (Sectoral) क्षेत्रहरु गठन गरिएका छन् र ती बिषयगत समितिसँग सम्बन्धित सहयोगी निकायहरूको विवरण निम्न अनुसार राखिएको छ ।

| क.सं. | बिषयगत समिति | विषयगत कार्यसमूहको नेतृत्व | सहयोगी संघसंस्था (सदस्य) |
|---|---|---|---|
| १ | समन्वय र सूचना व्यवस्थापन क्षेत्र (Coordination and Information Management Cluster ) | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय , जिल्ला समन्वय समिति, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, मानवअधिकार तथा नागरिक समाज, पत्रकार महासङ्घ, रेडियो तथा एफ.एम., यु.एम.एन., सहमति |
| २ | खोज तथा उद्धार क्षेत्र (Search & Rescue Cluster) | जिल्ला प्रशासन कार्यालय | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राजनैतिक दलहरु, नेपाल रेडक्रस सोसाईटी, सहमति, यु.एम.एन. |
| ३ | कृषि तथा खाद्य व्यवस्थापन क्षेत्र ( Agriculture and Food Management Cluster) | कृषि ज्ञान केन्द्र, परासी | जिल्ला समन्वय समिति, जिल्ला पशु सेवा कार्यालय, उद्योग वाणिज्य सङ्घ, नेपाल रेडक्रस सोसाइटी,सहमति, इन्द्रेणी, सुनवल सा.वि.मं. |
| ४ | आपतकालीन आवास तथा गैर खाद्य सामाग्री व्यवस्थापन क्षेत्र (Emergency Shelter & Non Food Cluster) | नेपाल रेडक्रस सोसाइटी, नवलपरासी(ब.सु.प.) | जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाहरु, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन समितिहरु, नेपाल रेडक्रस सोसाइटी, शहरी विकास तथा समन्वय इकाई |
| ५ | स्वास्थ्य तथा पोषण व्यवस्थापन क्षेत्र समिति (Health and Nutrition Cluster) | स्वास्थ्य कार्यालय परासी | जिल्ला समन्वय समिति, नगरपालिका, गाउँ पालिकाहरु, नेपाल रेडक्रस सोसाइटी, सि.जि फाउण्डेशन, इन्द्रेणी |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ६ | खानेपानी तथा सरसफाई व्यवस्थापन क्षेत्र (Drinking Water and Sanitation Cluster) | खानेपानी तथा सरसफाई डिभिजन, (इकाई)कार्यलय परासी | नेपाल रेडक्रस सोसाइटी, खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु, अस्पताल, स्वास्थ्य तथा उपस्वास्थ्य चौकी, खानेपानी डिभिजन कार्यालय, सम्बद्ध गैसस, स्थानीय तह |
| ७ | आपत्कालिन शिक्षा क्षेत्र (Emergency Education Management Cluster) | जिल्ला तह-शिक्षा विकास समन्वय इकाई<br>स्थानीय निकाय-शिक्षा शाखा | नेपाल रेडक्रस सोसाइटी, जिल्ला स्थित मिडिया, **सहमति**, यु.एम.एन., नेपाल पत्रकार महासंघ, अन्य सम्वद्ध संघसंस्था |
| ८ | संरक्षण क्षेत्र (Protection Cluster) | जिल्ला तह, जिल्लास्थित स्थानीय तह, नेपाल रेडक्रस र विषयगत क्षेत्रका कार्यालयहरु | नगर तथा गाउँपालिका, बालमन्दिर तथा अन्य संस्था |

## १.५ शीतलहर आपतकालिन कार्य योजनाको सीमा

यो शीतलहर आपतकालिन कार्य योजना, २०८२ विपद् पश्चातको आपतकालीन प्रतिकार्यसँग मात्र सम्बन्धित रहेको छ । योजना तर्जुमा गर्दा सकेसम्म योजना तर्जुमा सम्बन्धी अपनाउनुपर्ने बिधि तथा औजारहरुको उपयोग गरि जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार तर्जुमा गरिएको छ । यस योजनाको प्रयोग जिल्ला बिपद व्यवस्थापन समिति र स्थानीय बिपद व्यवस्थापन समितिले नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा कार्यन्वयन गरिनेछ । यो योजना शीतलहर तथा आपतकालीन ज़ोखिमको व्यवस्थापनमा मात्र सीमित हुनेछ । शीतलहर प्रभावित समुदायलाई मानवीय सेवा र सुबिधा उपलब्ध गराउन निश्चित अवस्थालाई मनन गरि यसको प्रयोग गरिनेछ । आगामी बर्षमा यो कार्ययोजनालाई अद्यावधिक गर्ने क्रममा चालु आ.व.को शितलहरको समिक्षा गरी विस्तृत रुपमा छलफल गरी सम्पूर्ण सरोकारवालाहरुको राय सुझावलाई समेटिनेछ ।

प्रमुख जिल्ला अधिकारी

# भाग-दुई

## शीतलहर जोखिम बिश्लेषण

नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) जिल्लामा रहेका ३ वटा नरपालिका र ४ वटा गाउँपालिका गरी ७ वटै स्थानीयतहहरुमा जाडो याममा शीतलहरको प्रभाव पर्ने गरेको छ । जसको प्रभाव मानव, पशुपंक्षि तथा कृषिमा पर्ने गरेको छ । जिल्लामा पौष महिनाको पहिलो हप्ता देखि माघ महिनाको दोस्रो हप्तामा शीतलहरको प्रभाव देखिन्छ । विगतका शीतलहरको समयमा पनि जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुबाट जोखिमयुक्त समुदायमा प्रतिकार्यको कार्य गरिएको थियो । डिभिजन बन कार्यालयको समन्वयमा आगा बाल्नको लागि दाउरातथा अन्य निकायहरुको समन्वयमा न्यानो कपडाको प्रबन्ध भएको थियो । यस्तै स्वास्थ्य कार्यालय र स्वास्थ्यकर्मीबाट मौसमी प्रतिकुलताको बावजुद आहोरात्र सेवा प्रदान गरिदै आएको छ ।

### २.१ शीतलहरले समुदायमा पुर्‍याउन सक्ने जोखिम:

- अत्याधिक चिसोका कारण निमोनिया र श्रवासप्रश्वास सम्बन्धी समस्याहरु उत्पन्न हुन सक्ने,
- बालबालिका, बृद्धबृद्धा, दीर्घ रोगको औषधि सेवन गरिरहेका व्यक्तिहरु र कमजोर स्वास्थ्य अवस्थाका व्यक्तिमा थप जटिलता उत्पन्न हुनसक्ने वा आर्थिक सामाजिक रुपले विपन्न समुदायमा प्रतिकुल असर पर्ने,
- घरपालुवा जनावर, बालीनाली तथा अन्य सम्पत्तिमा क्षति हुनसक्ने,
- भिजिविलिटि कम हुँदा ट्राफिक व्यवस्थापनमा समस्या/सवारी दुर्घटना हुन सक्ने,
- स्वास्थ्य केन्द्रहरूमा चिसो तथा शितलहरबाट प्रभावित बिरामीको संख्यामा बृद्धि, स्वास्थ्य संस्थामा औषधी तथा कर्मचारी अपर्याप्त हुनसक्ने
- विद्यालयहरूमा पठन-पाठन कार्य अवरुद्ध हुन सक्ने,
- दैनिक ज्यालादारीमा निर्भर मजदुरहरुको काम प्रभावित भई गुजारा चलाउन कठिनाई हुन सक्ने/ट्राफिक दुर्घटना हुन सक्ने,
- हिडडुल तथा काम गर्न कठिनाई हुन सक्ने,
- यातायात, दुरसंचार, स्वास्थ्य संस्थाहरु संचालनमा कठिनाई हुन सक्ने,
- सार्वजनिक सेवा प्रवाहमा प्रतिकूल प्रभाव पर्न सक्ने,
- उद्योग, कलकारखाना तथा व्यापार व्यवसायमा प्रतिकूल असर पर्न सक्ने,
- जाडोबाट बच्नका लागि मादक पदार्थ (रक्सी आदि) को सेवन गर्नाले चिसोबाट बच्न सकिने भनी भ्रमले गर्दा मादक पदार्थको सेवन गर्ने प्रवृति बढ्न सक्ने ।

### २.२ शीतलहतबाट प्रभावित हुने स्थानीय तह

| क्र.सं. | स्थानीय तह | प्रभावित हुने क्षेत्र | |
|---|---|---|---|
| | | बढी प्रभाव | कम प्रभाव |
| १ | रामग्राम नगरपालिका | वडा नं. ९ र १६ | वडा नं. २,३,५,१२ र ६ |
| २ | सुनवल नगरपालिका | वडा नं. ८,९ र ११ | वडा नं. १,३,१२ र १३ |
| ३ | बर्दघाट नगरपालिका | वडा नं.१६,१५,१४ र १२ | वडा नं. ४,५ र १० |
| ४ | प्रतापपुर गाउँपालिका | वडा नं. ४, र ६ | वडा नं.३ र २ |
| ५ | सरावल गाउँपालिका | वडा नं. २,३, ७ र ६ | वडा नं. १ |
| ६ | पाल्हिनन्दन गाउँपालिका | वडा नं. १,२,५ र ६ | वडा नं. ४ |
| ७ | सुस्ता गाउँपालिका | सुस्ता वडा नं. १,२,३ र ५ नारायणी परी | वडा नं. ४ |

## २.३ स्थानीय तहहरुमा शीतलहरबाट प्रभावित हुन सक्ने विपन्न घरधुरी संख्या

| क. सं. | स्थानीय तह | जम्मा परिवार संख्या | शीतलहरबाट प्रभावित हुन सक्ने विपन्न घरधुरी संख्या | सम्भावित प्रभाव स्वरुपकरण |
|---|---|---|---|---|
| १ | रामग्राम नगरपालिका | २९४६३ जना | ६०२५ घरधुरी | गरिब, आर्थिक अवस्था कमजोर भएका, अपाङ्ग, बृद्धबृद्धा तथा बालबालिका, दिर्घरोगी लगायत कन्ट्रक्सनमा काम गर्ने कामदार तथा तिनीहरुको परिवार |
| २ | बर्दघाट नगरपालिका | ८००० जना | १८०० घरधुरी | बृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरीब र पिछडीएका व्यक्ति भएका समुदाय र कन्ट्रक्सनमा काम गर्ने कामदार तथा तिनीहरुको परिवार |
| ३ | सुनवल नगरपालिका | २५५ जना | ५१ घरधुरी | बृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरीब र पिछडीएका व्यक्ति भएका समुदाय |
| ४ | सरावल गाउँपालिका | ३८०२ जना | ९५० घरधुरी | बृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरीब र पिछडीएका व्यक्ति भएका समुदाय र कन्ट्रक्सनमा काम गर्ने कामदार तथा तिनीहरुको परिवार |
| ५ | पाल्ही नन्दन गाउँपालिका | ६९५२ जना | ७७६ घरधुरी | बृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरीब र पिछडीएका व्यक्ति भएका समुदाय |
| ६ | प्रतापपुर गाउँपालिका | २५००० जना | ९०० घरधुरी | बृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरीब र पिछडीएका व्यक्ति भएका समुदाय |
| ७ | सुस्ता गाउँपालिका | ८४१० जना | १४५० घरधुरी | बृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति, गरीब र पिछडीएका व्यक्ति भएका समुदाय |

## २.४ जोखिम स्तरीकरण

यस नवलपरासी (बर्दघाट सुस्ता पशिचम) जिल्लामा मिति २०८२।०४।१९ गते जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण कार्यशालामा छलफल गर्दा विगतमा घटेका विपद्का घटनाहरु र यस जिल्लामा विगतमा घटेका विपद्को बारम्वारता विगत २ बर्षको तथ्याङ्कको आधारमा प्रकोपको स्तरीकरण निम्नानुसार रहेको छ । जसले शीतलहरको प्रकोप ५औ स्थानमा रहेको देखाउँछ ।

| प्रकोप | स्तरीकरण | प्रकोप | स्तरीकरण | प्रकोप | स्तरीकरण |
|---|---|---|---|---|---|
| बाढी | II | महामारी | IX | अतिवृष्टि | XIII |
| पहिरो | X | भुकम्प | XIV | तातो लु तापक्रम बृद्धि | XI |
| हावाहुरी | IV | बन्यजन्तु आतङक | VIII | असिना | XII |

| | | | | | |
|---|---|---|---|---|---|
| आगलागी | III | चटयाङ | VI | सर्पदंश | VII |
| दुर्घटना | I | शीतलहर | V | | |

प्रमुख जिल्ला अधिकारी

## २.५ शीतलहरको जोखिम बिश्लेषण:–

| क.सं | स्थान | समस्या तथा विपद | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|---|
| १. | नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम) | शीतलहर | बाक्लो धुँवा र मसिना धुलोकाकण,लामो समय सम्म हुस्सु लाग्नु, हिउदे वर्षा, हावाको बहाब | जलबायु परिवर्तन, बायुमण्डलीय चाप | श्वास प्रश्वास रोग, पखाला, पशुमा रोग लाग्नु तथा कृषि बालीको उत्पादनमा कमी, आगलागी | न्यानो लुगा लगाउने /ओढ्ने, आगो ताप्नु,तातो झोलिलो पदार्थ खाने बालबालिका र बृद्धहरुलाई बिशेष ध्यान दिने, खुल्ला स्थानमा धेरै समय नबस्ने |

प्रमुख जिल्ला अधिकारी

# भाग-तीन

## जिल्ला स्थित स्रोत,साधनको आँकलन

शीतलहरको जोखिम न्यूनीकरणकोलागि जिल्ला भित्र उपलब्ध स्रोत तथा साधनहरुको आँकलन गरी प्राप्त विवरणहरुलाई तालिकावद्ध गरिएको छ ।

### ३.१. जिल्ला तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण

| क. सं. | कार्यालय, निकायहरु | उद्धार, तथा राहत सामग्रीहरु |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन कोषमा रु.२६,३१,५६१।४३ मौज्दात रहेको र आवश्यकतानुसार केन्द्रबाट रकम निकाशा हुने । |
| २ | नेपाली सेना | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा |
| ३ | जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट– सुस्ता पश्चिम) माताहतका प्रहरी इकाई सहित | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा |
| ४ | सशस्त्र प्रहरी बल, नेपाल, नवलपरासी (बर्दघाट– सुस्ता पश्चिम) | उपलब्ध हुनसक्ने जनशक्ति - आवश्यक मात्रामा |
| ५ | पशु सेवा केन्द्र | पशु उपचारका लागि औषधी व्यवस्था भएका, सवारी साधन तुरुन्त उपलब्ध हुनसक्ने जनशक्ति |
| ६ | स्वास्थ्य कार्यालय | तालिम प्राप्त स्वास्थ्यकर्मी(RRT) परिचालन गर्न सकिने, सवारी साधन, मानवस्वास्थ्यका लागि औषधीहरुको व्यवस्था भएको । |
| ७ | शिक्षा विकास तथा समन्वय इकाइ | मानवस्रोत, आपत्कालीन आश्रयका लागि विद्यालय भवन उपलब्ध हुन सक्ने । |
| ८ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | सवारी साधन र जनशक्ति,पानी शुद्धिकरणका लागि स्वास्थ्य शिक्षा र औषधी आवश्यकता अनुसार उपलब्ध गर्ने । |
| ९ | कृषि ज्ञान केन्द्र | सवारीसाधन, मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने । |
| १० | नेपाल रेडकस सोसाईटी, जिल्ला शाखा | मानवस्रोत, टारपोलिन, नेट, हाँजार्ड किट, कपडाहरु सेट, भाडाँहरु, बाल्टिन, मग । |
| ११ | उद्योग वाणिज्य संघ | आवश्यकता अनुसार खाद्यान्न र लत्ता कपडा सहयोग |

प्रमुख जिल्ला अधिकारी

| क. सं. | कार्यालय, निकायहरु | प्रमुख जिम्मेवारी, तथा राहत सामग्रीहरु |
|---|---|---|
| | | उपलब्ध गर्ने । |
| १२. | डिभिजन वन कार्यालय, न.प.( बसुप) | स्थानीय तहहरुको मागको आधार डिभिजनल वन कार्यालयले काठ दाउरा उपलब्ध गराउने |
| १३. | नेपाल पत्रकार महासंघ लगायत संचार माध्यमहरु (Online समेत) | जनचेतना, प्रचारप्रसार आदि कार्यक्रम |

## ३.२.स्थानीय तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण :

| स्थानीय निकाय | जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन | विपद व्यवस्थापन कोष | कोष संचालन कार्यविधि | आपत्कालिन कार्य संचालन केन्द्र वा कार्यविधि | स्थानीय जलवायु तथा अनुकुलन योजना | विपद्संग सम्बन्धित अन्य योजनाहरु | स्थानीय विपद् व्यवस्थापन समिति ( संख्या) | समुदाय स्तरीय समितिहरु (संख्या) |
|---|---|---|---|---|---|---|---|---|
| रामग्रम नगरपालिका | छ | रु. ३० लाख १३ हजार | छ | छ | छैन | छ | १ | छ |
| सुनवल नगरपालिका | छ | रु.५० लाख | छ | छैन | छ | नदी तटबन्धन, हिलो मुक्त अभियान, सूचना प्रसारण र जनचेतना अभियान | १ | १३ |
| बर्दघाट नगरपालिका | छ | रु.४० लाख | छ | केन्द्र छ | छैन | छ | १ | १० |
| सरावल गाउँपालिका | छैन | रु. २५ लाख | छ | छ | छ | छ | १ | ७ |
| पाल्हिनन्दन गाउँपालिका | छ | रु. १५ लाख ९४ हजार | छ | छैन | छ | १) स्थानीय विपद जोखिम न्यूनिकरण रणनितिक कार्ययोजना<br>२) विपद पूर्व तयारी तथा प्रतिकार्य योजना<br>३) बढदो तापक्रमको लागि स्थानाय अनुकुलन योजना-२०८०<br>४) प्रकोप पीडित उद्धार र राहत वितरण सम्बन्धी मापदण्ड<br>४) स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८२ | १ | ६ |
| प्रतापपुर गाउँपालिका | छ | रु.१४ लाख | छ | छैन | छ | छैन | १ | ९ |
| सुस्ता गाउँपालिका | छ | रु. ४१ लाख | छ | छैन | छ | छ | १ | १ (नारायणी पारी) |

## भाग-चार

# शीतलहर पूर्वतयारी तथा आपतकालीन प्रतिकार्य योजना

प्रमुख जिल्ला अधिकारी

### ४.१ शीतलहर पूर्व तयारी तथा आपतकालिन प्रतिकार्य योजना

**शीतलहर पूर्व तयारी तथा आपतकालिन प्रतिकार्य योजना** देहाय अनुरुपको तयार गरिएको छ । जसको प्रभावकारी कार्यान्वयनका लागि विषयगत जिम्मेवार निकायहरु विशेष जिम्मेवार हुदै उच्च सतर्कता अपनाउन आवश्यक देखिन्छ ।

**जिम्मेवार निकाय : जिल्ला समन्वय समिति**

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयाबधि |
|---|---|---|
| आपतकालिन अवस्था घोषणा गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई सल्लाह सुझाव दिने | जिल्ला समन्वय समिति प्रमुख / जिल्लाका माननीयहरु | तत्काल |
| आपतकालिन कार्य सञ्चालन केन्द्रलाई क्षति भएको र राहत प्राप्त गरेको विवरण यथार्थपरक राख्न र राहत नदोहोरिने विषयको सुनिश्चित गर्ने कार्यमा सहजीकरण गर्ने । | जिल्ला समन्वय समिति प्रमुख तथा अन्य सदस्यहरु | निरन्तर |
| राहत उपलब्ध गराउने मनसाय राखी आउने व्यक्ति तथा संस्थाहरुलाई जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी एकद्वार प्रणालीको कार्यान्वयन व्यस्थित बनाउन सहजीकरण गर्ने । | जिल्ला समन्वय समिति प्रमुख तथा अन्य सदस्यहरु | निरन्तर |

**जिम्मेवार निकाय : जिल्ला विपद् व्यवस्थापन समिति**

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयाबधि |
|---|---|---|
| शीतलहर पूर्व तयारी तथा आपतकालीन अवस्था आईपरेमा बैठक राख्ने (पूर्वतयारी तथा प्रतिकार्य क्षेत्रगत योजना) | प्रमुख जिल्ला अधिकारी / विपद् व्यवस्थापन समितिका सदस्यहरु | तत्काल |
| आपतकालिन अवस्था घोषणा गर्न स्थानीय विपद् व्यवस्थापन समितिका अध्यक्षलाई सल्लाह सुझाव दिने | प्रमुख जिल्ला अधिकारी / विपद् व्यवस्थापन समितिका सदस्यहरु | तत्काल |
| खोज तथा उद्धारको लागि स्थानीय विपद् व्यवस्थापन समितिवाट सूचना संकलन तथा समन्वय गरि कार्यान्वयन गर्ने | प्रमुख जिल्ला अधिकारी / विपद् व्यवस्थापन समितिका सदस्यहरु | तत्काल |
| जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रलाई स्थानीय तहमा रहेको आपतकालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गर्न लगाई आपतकालीन अवस्थाको बारेमा राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रमा जानकारी गराउन निर्देशन दिने | प्रमुख जिल्ला अधिकारी | तत्काल |
| राहत उपलब्ध गराउने मनसाय राखी आउने व्यक्ति | प्रमुख जिल्ला अधिकारी / | निरन्तर |

| | | |
|---|---|---|
| तथा संस्थाहरुलाई समन्वय गरी एकद्धार प्रणालीको लागि निर्देशन दिने | विपद् व्यवस्थापन समितिका सदस्यहरु | |
| विस्थापित तथा प्रभावित रहेको स्थान, समुदाय तथा राहत वितरण स्थलमा आवश्यक सुरक्षा व्यवस्थाको सुनिश्चित गर्ने | प्रमुख जिल्ला अधिकारी / विपद् व्यवस्थापन समितिका सदस्यहरु | निरन्तर |
| आपतकालीन अवस्था तथा प्रतिकार्यका कार्यक्रमहरुको अनुगमन गर्ने र आवश्यक मार्गदर्शन प्रदान गर्ने | प्रमुख जिल्ला अधिकारी / विपद् व्यवस्थापन समितिका सदस्यहरु | निरन्तर |
| क्षती भए अनुसार प्रचतिल कानून बमोजिम तत्काल राहत उपलब्ध गराउने | प्रमुख जिल्ला अधिकारी | तत्काल |

**जिम्मेवार निकाय : नगरपालिका तथा गाउँपालिकाको विपद् व्यवस्थापन समिति**

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयाबधि |
|---|---|---|
| स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको आव्हान गर्ने र बैठक सञ्चालन गर्ने<br>शीतलहर वा चिसोबाट बढी प्रभावित हुने क्षेत्र तथा वर्गको पहिचान गर्ने । | पालिका प्रमुख (स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष) र अन्य सदस्यहरु | तत्काल |
| सुरक्षा निकाय, रेडक्रस तथा सञ्चार माधयम एवं स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र प्रारम्भिक सूचनाको आधारमा क्षतिको समग्र विवरण तयार गर्ने | पालिका प्रमुख (स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष) र अन्य सदस्यहरु | तत्काल /घटना घटेको भोलिपल्ट |
| जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्ला समन्वय समितिलाई आपतकालीन अवस्थाको घोषणा गर्ने सम्बन्धी जानकारी गराउने | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष | तत्काल |
| स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई क्रियाशिल गराउने | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |
| स्थानीय तहको खोज तथा उद्धारको लागि खोज तथा उद्धार विषयगत क्षेत्र वा कार्यटोलीलाई तत्काल निर्देशन दिने | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष | तत्काल |
| जिल्ला रेडक्रस सोसाईटीको सहगोगमा दक्ष जनशक्ति परिचालन गरी प्रारम्भिक क्षति विश्लेषण गर्न स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई निर्देशन दिने | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष | तत्काल |
| राहत वितरणमा एकद्धार प्रणालीलाई प्रभावकारी बनाउन राहत वितरण सम्बन्धी तथ्याङ्कलाई म्याट्रिस ( सूचक) बनाउन स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई निर्देशन दिने (कुन संस्था, कहाँ, के सहयोग, कसलाई, कहिले आदि) | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |
| आपतकालीन अवस्थाको बारेमा आपतकालीन कार्य सञ्चालन केन्द्र तथा विषयगत क्षेत्रसँग सूचना संकलन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |
| प्रतिकार्य भएका स्थानहरुको अनुगमन गर्ने प्रतिकार्यमा देखिएका समस्या, चुनौती र गर्नुपर्ने थप कार्यका | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |

| | | |
|---|---|---|
| बारेमा विभिन्न विषयगत क्षेत्रलाई मार्गदर्शन प्रदान गर्ने | | |
| खोज तथा उद्धारको लागि आपतकालीन अवस्थाको प्रकृति तथा क्षतिलाई आधारमानी नेपाल सरकार गृह मन्त्रालयबाट थप सहयोगका लागि समन्वय हुने भएकाले प्रमुख जिल्ला अधिकारी मार्फत गृह मन्त्रालय समक्ष जानकारी गराउने | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु | निरन्तर |
| खोज तथा उद्धार भएको विपद् सम्बन्धी प्रारम्भिक लेखाजोखा भएको प्रथम चरणको राहत वितरण भएको विषयगत क्षेत्र अनुसार प्रथम चरणको प्रतिकार्य भएको आपतकालीन अवस्थाको अन्त्य गर्दै पुनर्लाभ कार्यलाई शुरुवात गर्ने र आपतकालीन अवस्थाको अन्त्य भएको घोषणा गर्ने | स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु | प्रतिकार्य समापन पछि |

**जिम्मेवार निकाय : आपतकालीन कार्य सञ्चालन केन्द्र (जिल्ला तथा स्थानिय DEOC, LEOC)**

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयाबधि |
|---|---|---|
| आपतकालीन कार्य सञ्चालन केन्द्रलाई पूर्णकालीन रुपमा सक्रिय बनाउने | केन्द्र प्रमुख | तत्काल |
| प्रारम्भिक द्रुत लेखाजोखा कार्य सञ्चालन गर्न समन्वय गर्ने | केन्द्र प्रमुख | निरन्तर |
| प्रारम्भिक द्रुत लेखाजोखाबाट प्राप्त सूचनालाई LEOC ले DEOC लाई जानकारी गराउने र उक्त जानकारी प्रदेश तथा राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र र अन्य सरोकारवालाहरुलाई DEOC ले जानकारी गराउने | केन्द्र प्रमुख | निरन्तर |
| अत्यन्त जोखिममा रहेकाहरुलाई राहत वितरण गर्न सहयोग गर्ने | केन्द्र प्रमुख | निरन्तर |
| प्रतिकार्यको प्रगति तथा चुनौती समावेश गरी दैनिक प्रतिवेदन तयार गरी संप्रेषण गर्ने | केन्द्र प्रमुख | निरन्तर |

**जिम्मेवार निकाय : विषयगत क्षेत्र**

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयाबधि |
|---|---|---|
| जाडोकोलागि दाउरा र काठ समयमै उपलब्ध गराउने | प्रमुख बन कार्यालय/ सामुदायिक बन उपभोक्ता समितिहरु | तत्काल |
| खोज तथा उद्धारमा विषयगत क्षेत्र खोज तथा उद्धारका लागि तयार रहने | विषयगत प्रमुख | तत्काल |
| घाईतेहरुलाई प्राथमिक स्वास्थ्य उपचार प्रदान गर्ने | स्वास्थ्य तथा पोषण विषगत क्षेत्र प्रमुख | निरन्तर |
| दीर्घकालीन स्वास्थ्य सम्बन्धी सेवा आवश्यक पर्ने व्यक्तिको पहिचान गरी अस्पतालहरु त्था विशिष्ठ सेवा | स्वास्थ्य तथा पोषण विषगत क्षेत्र प्रमुख | तत्काल |

| | | |
|---|---|---|
| प्रदान गर्ने निकायमा रिफर गर्ने | | |
| उद्धार गरिएका व्यक्ति धनसम्पति पशुधनको सूचि तयार गरी सो जानकारी सम्बन्धित तहको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई उपलब्ध गराउने | खोज तथा उद्धार विषयगत क्षेत्र प्रमुख | तत्काल |
| राहत वितरणको लागि आवश्यक बन्दोबस्तीको व्यवस्था गर्ने | बन्दोवस्ती विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| आपतकालीन अवस्थामा अत्यन्त जोखिममा पर्न सक्ने वर्गहरुलाई संरक्षणको योजना बनाई निरन्तर संरक्षण सेवा प्रदान गर्ने | संरक्षण हेर्ने विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| मनोसामाजिक रुपमा प्रभावित परिवार तथा व्यक्तिको छनौट गरी सो सम्बन्धी परामर्श दिन तालिम प्राप्त व्यक्तिहरुको परिचालन गर्ने | संरक्षण हेर्ने विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| आपतकालीन अवस्थामा पनि बालबालिबाको सिकाई कार्यलाई निरन्तरता दिन अस्थायी सिकाई केन्द्र सञ्चालन गर्ने | शिक्षा हेर्ने विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| स्वच्छ खानेपानी व्यवस्था गर्ने साथै खानेपानीको आपूर्ति बन्द भएको अवस्थामा सुचारु गर्ने | खानेपानी तथा सरसफाई हेर्ने विषयगत क्षेत्र प्रमुख | तत्काल देखि निरन्तर |
| आपतकालीन अवस्थामा शिक्षा प्रदान गर्ने शिक्षक शिक्षिकालाई तालिम प्रदान गर्ने | शिक्षा हेर्ने विषयगत क्षेत्र प्रमुख | १५ दिन पछि |
| पशुहरुमा लाग्ने बिभिन्न रोग बिरुद्ध भ्याक्सिनको व्यवस्था गर्ने | भेटेनरी अस्पताल र पशु सेवा विज्ञ केन्द | निरन्तर |
| माछा र पशुपंक्षिको उपचारमा समन्वय | भेटेनरी अस्पताल र पशु सेवा विज्ञ केन्द | निरन्तर |
| खाद्यन्न र तरकारी विउ Stock राख्ने सो को विवरण संप्रेषण गर्ने | कृषि ज्ञान केन्द्र र कृषि शाखाहरु | निरन्तर |

## जिम्मेवार निकाय : सञ्चार क्षेत्र

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयाबधि |
|---|---|---|
| विपद् सम्बन्धी प्राप्त भएको क्षतिको यथार्थ जानकारी सम्प्रेषण गर्ने | सञ्चार माध्यम | निरन्तर |
| आपतकालीन अवस्थामा प्रवाह गरिने सेवाहरुको जानकारी गराउने | सञ्चार माध्यम | निरन्तर |
| आपतकालीन व्यवस्थापनमा भएका सकारात्मक तथा सुधार गर्नुपर्ने विषयहरुमाथी आमसमुदायलाई जानकारी गराउने | सञ्चार माध्यम | निरन्तर |
| आगलागी तथा निसासिईने समस्याबाट बच्न सचेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा समेत तयार पारी संचार माध्यम मार्फत प्रचार/प्रसार गर्ने | सञ्चार माध्यम | निरन्तर |

प्रमुख जिल्ला अधिकारी

**जिम्मेवार निकाय : रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाहरु**

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयावधि |
|---|---|---|
| सुरक्षित तथा न्यूनतम मानवीयस्तरका अस्थायी आवास र न्यानो कम्वलको व्यवस्था गर्ने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| न्यूनतम Logistic व्यवस्थापन गर्ने स्थानीय तह सँग समन्वय गर्ने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| आपतकालीन अवस्थाको लेखाजोखा गर्न तालिम प्राप्त जनशक्तिको बारेमा जानकारी गराई परिचालन गर्ने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| विषयगत क्षेत्रसँग तथा आपतकालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गरी समन्वयात्मक तवरवाट राहत वितरणमा क्रियाशील रहने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| स-साना प्रकारका विपद्लाई स्थानीय स्रोत साधन परिचालन गरी घटनाको असर न्यून गर्न परिचालित हुने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| प्रारम्भिक खोज तथा उद्धारको कार्यमा खटिने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| प्रारम्भिक द्रुत लेखाजोखामा सहभागी हुने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| आपतकालीन अवस्थामा के गर्न हुने के नहुने भन्ने सम्बन्धी समुदायलाई जानकारी दिने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| महिला समूह तथा स्वास्थ्य स्वयंसेवकहरुले विशिष्ठ प्रकारको आवश्यकता पहिचान गरी बिभिन्न उपसमितिहरुलाई जानकारी गराउने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| स्थानीय सामुदायिक विपद् व्यवस्थापन समितिहरुको क्षमता अभिबृद्धि गर्ने | रेडक्रस, गै.स.स., नीजि क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |

### ४.२ समन्वय तथा जिम्मेवारीहरु

क. जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बमोजिम क्षेत्रगत समूहका सवै निकायले कार्ययोजना तयार पार्ने

ख. शीतलहर प्रभावितलाई राहत उपलब्ध गराउदा जेष्ठ नागरिक, अपाङ्ग, सुत्केरी र गर्भवति महिलालाई प्राथमिकता दिने

ग. शीतलहरको जोखिममा रहेका समुदायलाई जोखिम न्यूनीकरणकोलागि स्थानीयतह, सरकारी तथा गैर सरकारी संस्थासंग समन्वय गरी दाउरा, कम्बल र न्यानो कपडाको प्रवन्ध गर्ने

घ. संघीय सरकार, प्रदेस सरकार र स्थानीय तह संग समन्वयकारी भूमिका निर्वाह गर्ने

ङ जल तथा मौसम विज्ञान विभागबाट जारीहुने प्रत्येक ३ दिने मनसुन बुलेटिनलाई स्थानीय समुदाय सम्म पुर्‍याउने ।

### ४.३ पूर्व तयारी प्राथमिकता

क. विपद् संग सम्बन्धित सरोकारवाला निकायसंग नियमिति समन्वय बैठक गर्ने

ख. सबै स्थानीय तहहरुले सचेतनामूलक कार्यक्रमहरु गर्ने

ग. स्थानीय तहहरुले शीतलहर सम्बन्धी प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने

घ. शीतलहरबाट जोखिमको अवस्थामा रहेको जनसंख्याको पहिचान गरी न्यानोकपडा, कम्वल, दाउरा र औषधिको व्यवस्था गर्ने

ङ स्थानीय रेडियोबाट स्थानीय भाषामा समेत शीतलहर सम्बन्धि सचेतनामूलक सूचना प्रसारण गर्ने

च. जल तथा मौसम विज्ञान बिभागले जारी गर्ने प्रत्येक तीन दिने मौसम सम्बन्धि सूचना स्थानीय समुदाय सम्म पुर्‍याउने

छ. स्थानीय तहहरु र सरोकारवालाहरुसंग समन्वय गरि दाउरा बाल्ने स्थान निर्धारण गर्ने र दाउरा र न्यानो कपडाको प्रबन्ध गर्ने,

ज. स्थानीय संचार माध्यामद्धारा चिसो तथा शीतलहर सम्बन्धि प्रकाशन तथा प्रसारण गर्ने,

झ. चिसो तथा शीतलहरको समयमा हुनसक्ने आगलागी र निसास्सिन सक्ने समस्याबारेमा सचेतना जागृत गराउने

ञ. प्रभावित हुन सक्ने क्षेत्रको नक्सांकन र प्राथमिकीकरण ।

ट. जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहलाई विशेष हेरचाह तथा संरक्षण ।

ठ. शीतलहरबाट पशुपन्छी तथा खेतीवालीमा हुन सक्ने क्षति न्यूनीकरण ।

### ४.४. शीतलहरबाट जोखिम न्यूनीकरण सूचनामूलक सन्देशहरु:

- ❖ शितलहरको समयमा उद्धारमा खटिने प्रहरी, सडकमा काम गर्ने श्रमिकहरुले नियमित रुपमा फ्लोरोसेन्ट ज्याकेटको प्रगयोग गरौं ।
- ❖ शितलहरको समयमा पैदल यात्रु, मोटरसाईकल तथा साईकल यात्रुले यात्राको क्रममा अनिवार्य फ्लोरोसेन्ट ज्याक्टको प्रयोग गरौं ।
- ❖ जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं।
- ❖ शीतलहरको समयमा घर बाहिर तथा खुल्ला स्थानमा धेरै समय नविताऔं।
- ❖ शरीरको सबै भाग ढाक्ने गरी सफा, बाक्लो र न्यानो लुगा लगाऔं।
- ❖ सुत्दा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने कपडा प्रयोग गरौं, छाती तथा टाउको अनिवार्य रूपमा ढाकौं।
- ❖ चिसोको समयमा आगो तापेर वा विद्युतीय उपकरण प्रयोग गरी शरीरलाई न्यानो राखौं। खासगरी, छाती र टाउकोलाई चिसोबाट जोगाऔं।
- ❖ बेलाबेलामा तातो पानी, पोषिलो तातो झोल पदार्थ प्रशस्त मात्रामा पिउने गरौ।
- ❖ चिसो मौसममा इन्फ्ल्युएन्जा, निमोनिया लगायतका संक्रमण बढी हुने हुँदा स्वास्थ्य सुरक्षाको लागि विशेष ध्यान दिउँ।
- ❖ वालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरूको हेरचाहमा विशेष ध्यान दिउँ।
- ❖ ज्वरो आए, झाडापखाला लागे, दम बढे, खोकी लांगे, घ्यारघ्यार भए, सास फेर्न कठिन हुने आदि लक्षण देखिए तत्काल स्वास्थ्यकर्मी सँग सम्पर्क गरौं।

❖ घरेलु पशुपन्छीलाई सकेसम्म खुल्ला स्थानमा नराखौं तथा चराउन नलैजाऔं । गोठ भित्र राखेर पर्याप्त घाँस, पराल र दाना, दिऔं। गोठ अथवा टहरालाई सफा र न्यानो गराऔं।

❖ चिसोका कारण पशुपन्छी बिरामी भएमा नजिकैको पशु चिकित्सालय, स्थानीय तहको पशु सेवा शाखा वा उपयुक्त पशु चिकित्सकसँग सम्पर्क गरी आवश्यक चेकजाँच र औपधोपचार गरौं।

❖ कोठाभित्र आगो बालेर तातो पार्दा वा तातो बनाउने हिटर जस्ता विद्युतीय उपकरणहरू प्रयोग गर्दा भ्याल ढोका खुला राखी पर्याप्त अक्सिजन आवतजावत हुने कुरा सुनिश्चित गरौं। आगो वा विद्युतीय सामग्री लामो समय प्रयोग नगरौं।

❖ सुत्नु अघि अनिवार्यरूपमा आगो निभाएर तथा विद्युतीय हिटर आदि अफ गरौं ।

❖ शीतलहरको समयमा हुस्सु वा कुहिरो लागेको अवधिमा सवारी साधन चलाउँदा गति सीमित गरौं । अनिवार्यरूपमा फग लाईट बालेर चलाऔं । आवश्यक परे हेडलाइट बालौं र हर्न समेत बजाऔं ।

❖ चिसो वा भिजेको कपडा नलगाऔं। चिसो कपडाले शरिरको तापक्रम झन् छिटो घटाउँछ ।